५. लागत अनुमान तयार गन पर्ने: (१) सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्नेछ ।

तर पच्चीस हजार रुपैया सम्मको खरिद गर्न लागत अनुमान गर्नु पर्ने छैन ।

(२) सार्वजनिक निकायले उपदफा (१) बमोजिम तयार भएको लागत अनुमान तोकिए बमोजिम अद्यावधिक गरी राख्नु पर्नेछ ।

६. खरिद योजना तयार गर्नु पर्ने: सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना (मास्टर प्रोक्युरमेन्ट प्लान) र वार्षिक खरिद योजना तयार गर्नु पर्नेछ ।

७. खरिद कार्यको जिम्मेवारी: (१) दफा ६ बमोजिम खरिद योजना तयार गर्ने तथा यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद सम्बन्धी अन्य सबै कार्य गर्ने वा गराउने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकायको प्रमुखको हुनेछ ।

(२) सार्वजनिक निकायले उपदफा (१) बमोजिम खरिद सम्बन्धी कार्य गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको योग्यता भएको र खरिदकार्य सम्बन्धी ज्ञान भएको वा तालीम प्राप्त गरेको कर्मचारीबाट गराउनु पर्नेछ ।

(३) सार्वजनिक निकायले देहायको काम गर्नको लागि एउटा खरिद इकाईको स्थापना गर्नु पर्ने वा सोको जिम्मेवारी तोक्नु पर्नेछः–

(क) खरिद योजना तयार गर्ने,

(ख) सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना बोलपत्र सम्बन्धी कागजात (स्ट्याण्डर्ड विडिङ्ग डकुमेन्ट), नमूना पूर्व योग्यता सम्बन्धी कागजात (स्ट ्याण्डर्ड प्रिक्वालिफिकेशन डकुमेन्ट), नमूना खरिद सम्झौता सम्बन्धी कागजात (स्ट

## परिच्छेद – ६

## खरिद कारबाही वा निर्णयको पुनरावलोकन सम्बन्धी व्यवस्था

४७. सार्वजनिक निकायका प्रमुख समक्ष निवेदन दिन सकिनः (१) सार्वजनिक निकायले खरिद कारबाई वा निर्णय गर्दा कुनै त्रुटी गरेको वा पालना गर्नु पर्ने कर्तव्य पालना नगरेकोले आफूलाई क्षति पुग्ने वा पुग्न सक्ने कारण खुलाई कुनै बोलपत्रदाता वा प्रस्तावदाताले त्यस्तो त्रुटी वा निर्णयको पुनरावलोकनका लागि सम्बन्धित सार्वजनिक निकायका प्रमुख समक्ष निबेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिने पुनराबलोकनको निवेदन खरिद सम्झौता हुनु भन्दा अघिको कारबाईका सम्बन्धमा सीमित हुनेछ ।

(३) उपदफा (१) बमोजिम निबेदन दिंदा यस ऐनमा त्यस्तो निबेदन पेश गर्नको लागि कुनै अवधि तोकिएको भए त्यस्तो अवधि भित्र र त्यसरी अवधि नतोकिएकोमा सार्वजनिक निकायले खरिद कारबाई सम्बन्धी त्रुटी गरेको वा कर्तव्य पालना नगरेको कुरा बोलपत्रदाता वा प्रस्तावदाताले थाहा पाएको मितिले सात दिन भित्र निबेदन दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको निबेदनमा सार्वजनिक निकायले कुन काम गरेको वा नगरेको कारणले त्यस्तो त्रुटी हुन गएको हो वा कर्तव्य पालना नभएको हो र त्यस्तो निर्णय यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिकाको कुन प्राबधान विपरित छ भन्ने कुरा स्पष्टरुपमा खुलाउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको अवधि नाघी प्राप्त भएको पुनरावलोकनको निबेदन उपर कुनै कारबाई हुने छैन ।

(६) उपदफा (१) बमोजिम प्राप्त भएको निबेदनका सम्बन्धमा छानबिन गर्दा खरिद कारबाईमा कुनै त्रुटी देखिए, सार्वजनिक निकायले पालना गर्नु पर्ने कर्तव्य पालना गरेको नदेखिए वा त्यस्तो निर्णय कानून विपरित देखिएमा सार्वजनिक निकायका प्र

